# मष्टा गाँउपालीकाको
# आर्थिक बर्ष २०७९।८० को  बार्षिक सार्वजनिक सुनुवाई कार्यक्रमको

# *प्रतिवेदन २०८०*

*तेस्रो पक्ष सहजिकरण :-*

नेपाल पत्रकार महासंघ बझाड का प्रतिनिधि पत्रकार जगदीश रोकाया, डिवी  विष्ट, रमेश सिंह , टेकेन्द्र बोहरा , रुपक खड्का

आयोजक :-

मष्टा  गाँउपालीका बझाङ

# मष्टा गाँउपालीकाको आ.ब २०७९।२०८० को बार्षिक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन २०८०

**पृष्ठभुमी**

हरेक सार्वजनिक निकायको सामाजिक दायित्व हुन्छ । स्थानिय सरकार त झन जनताको घर दैलोको सरकार हो । शासन व्यवस्थाको प्रत्याभुत दिने स्थानिय सरकारनै हो । यो शुसासन पारदैशिता जवाफदेहि हुनु अति आवस्यक हो ।

स्थानिय सरकारले वर्षभरी गरेको सेवा प्रवाहको अवस्था गतिविधिहरुको सार्वजनिक सुनुवाई गर्नु पर्ने प्रावधान छ । सो अनुरुप मष्टा गाँउपालीकाले पनि स्थानिय सरकार संचालनमा आएपछि पालीका वाट भएगरेका गतिविधि आर्थिक भौतीक अवस्था साथै अन्य सेवा प्रवाहको जानकारीका लागी बर्षेनी सार्वजनिक सुनुवाइ गर्दै आएको छ ।

सार्वजनिक सुनुवाईले शुसासन गर्ने मद्दत गर्नुका साथै अक्तियारवाला व्यक्ति लाई जवाफदेही र जिम्मेवार बनाउन्छ । साथै समास्याको सामाधान पनि सार्वजनिक सभामै हुने भएकाले समस्यामा वा सेवा वाट सन्तुष्टि नभएका सेवाग्राहीहरुको गुनासो सार्वजनिक स्थलमै हुने भएकाले यसलाइ सुशासनको प्रमुख औजारको रुपमा हेरिन्छ । यो विधिको शासन कायम गर्ने एउटा प्रजातान्त्रिक औजार पनि हो । यसो गर्दा योजना तथा कार्यक्रममा भएको कमि कमजोरी खुलासा हुन्छ । सहभागी सरोकारवाला वाट गुनासो सुझाव पृष्ठपोषण आउने हुदाँ यस्तो कार्यक्रमले कमीमजोरी लाइ सुधार गरि आगामी दिनमा सेवा प्रवाह प्रभावकारी र जनउत्तरदायि हुन मद्दत गर्छ

यस्तो अवस्थालाई मध्यनजर गर्दै मष्टा गाँउपालीकाले आर्थिक वर्ष २०७९।८० को सार्वजनिक सुनुवाइ कार्यक्रम गरेको छ । उक्त कार्यक्रममा नेपाल पत्रकार महासंघ बाट हामी पत्रकारहरु लाइ तेस्रो पक्ष सहजीकरणको जिम्मेवारी दिएको हुदाँ सोको आधारमा हामी सहजकर्ता वाट उक्त कार्यक्रम संचालन सहजिकरण गरि यो प्रतिवेदन तयार गरिएको हो ।

**कार्यक्रमको नाम : वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम ।**

कार्यक्रम आयोजना गरिएको : मिति २०८० साउन ३ गते दिउसो १२ बजेवाट ५ बजे सम्म

स्थान : गाँउपालीका कार्यालयको प्राडगडमा ।

सार्वजनिक सुनुवाई गरेको निकायको नाम : मष्टा गाँउपालीकाको आथिक बर्ष २०७९।८० को सार्वजनिक सुनुवाइ ।

सार्वजनिक सुनुवाई गर्ने तेस्रो पक्ष तथा सहजकर्ता : नेपाल पत्रकार महासंघ का प्रतिनिधि पत्रकार जगदीशरोकाया, डिवी विष्ट, रमेश सिंह , टेकेन्द्र बोहरा , रुपक खड्क ।

**सार्वजनिक सुनुवाइको उद्देश्य :**

१ गाँउपालीका बाट दिइने सेवा प्रवाहका बारेमा जानकारी दिन ।

३ गाँउपालीका तथा वडा कार्यालय वाट संचालीत भएका योजना तथा कार्यक्रम र बजेट वारे सवै लाई जानकारी दिन र उपलव्धीको समिक्षा गर्न ।

२ अख्तीवारवाला व्यक्तिले गरेको गलत कार्यको विरोध सुन्न र गल्ती नदोहर्याउने । समुदायर कार्यालय विचको गलत बुझाइ हटाउन ।

३ समस्यामा परेका उपभोक्ता जनता र पिडितलाई स्थानियतहका कर्मचारी जनप्रतिनधि समक्ष आफ्नो पिडा राख्न र समस्या सामाधान गराउने ।

४ स्थानियतह लाइ जिम्मेवार जवाफदेही र पारर्दशिता बनाउने ।

५ भ्रष्टचार जन्य कृयाकलाप लाइ हटाउन । साथै सवैलाई जवाफदेही बनाउन र विकासमा सहकार्य गर्ने ।

६ कार्यक्रम तथा योजनाहरु लाई सार्वजनिक गरि , दिगो विकास र समाज सुधारमा सवैको साथ समर्थन कायम गर्न ।

७ सल्लाह सुझाव मागेर आगामी वर्षको लागी पुष्ठपोषण लिन र दिन ।

९ स्थानिय सरकार र नागरिक विच सम्वन्ध बढाउन र विधिको शासन कायम गर्ने ।

१० स्थानियतहको बारेमा भएको मनमेटाउ तिक्तता रिसीवि विरोध आभास जस्ता नराम्रा विचार सोच धारणा हटाउने ।

११ लोकतान्त्रीक अभ्यास सहित विधिको शासन खुला सरकारको नागरिकलाइ प्रत्याभुत गर्न ।

१२ स्थानियतह र नागरिक विचको स्नेह सद्धाव सहकार्य समधदारी बढाउने ।

**सार्वजनिक सुनुवाईको प्रकृया**

१ सुरुमा आसन ग्रहण गरिएको थियो । , उद्घाटन , राष्टिय गान , सहकर्तावाट सार्वजनिक सुनुवाईको अर्थ महत्व र औचित्य वारे प्रष्ट , आचारसंहिताको सर्मथन , कार्यपत्र प्रस्तुतिकरण , गुनासो र जवाफ चरण , सुभ्काव अपेक्षा , सफलताका कुरा केहि अतिथिहरु वाट सुभ्काव सहित अध्यक्षवाट कार्यक्रम समापन गरिएको थियो ।

**सार्वजनिक सुनुवाईका गतिविधिहरु**

कार्यक्रम मष्टा गाँउपालीकाको प्राडगडमा भएको थियो । गाँउपालीका अध्यक्ष ज्ञान बहादुर वोहराको अध्यक्षतामा सार्वजनिक सुनुवाइ भएको थियो । उहाँलाइ प्रमुख बक्ता समेत राखेको थियो । साथै उपाध्यक्ष हर्क धामी जवाफदेही बक्ता र अम्मर बहादुर जेठारा पनि जवाफदेही बक्ताका रुपमा रहेको थिए ।

आसन ग्रहणमा यहाँ भएका गाँउपालीका वडाका अध्यक्ष र सदस्यहरु सवै लाई आसन ग्रहण गराएको थियो । निमित्त प्रमुख प्रशासकिय अधिकृत सहित सवै शाखाका प्रमुख र कर्मचारीहरु लाई आसन ग्रहण गराएको थियो । विद्यालयका प्रअ शिक्षक प्रहरी चौकीका प्रमुख विषयगत शाखा प्रमुखहरु र अन्य कर्मचारी , वडा सचिव , गैरसरकारी संस्थाका प्रतिनिधिहरु , जेष्ठनागरिकहरु , महिला तथा अन्य सज्जनबृनहरु लाइ आसन ग्रहण गराएको थियो । आसन ग्रहण पछि सभा अध्यक्ष तथा प्रमुख जवाफदेही बक्ता ज्ञान बहादुर बोहराले सार्वजनिक सुनुवाइको उद्घाटन गरेका थिए ।

उद्घाटन सेसन सकिएपछि महासंघका पुर्व अध्यक्ष पत्रकार जगदीश रोकायाले सार्वजनिक सुनुवाइको थप प्रकृया अगाडी बढाएको थियो । सार्वजनिक सुनुवाइका केहि शैदान्तीक अवधारण सहित सुनुवाइको महत्व औचित्य प्रकास पारिएको थियो । निमत्ति प्रमुख प्रशासकिय अधिकृत अम्मर जेठाराले पालीकाको आर्थिक आय व्यय साथै अन्य प्रगती प्रतिवेदन पेश गरेको थिए । प्रस्तुती चरण सकिएपछि सभा खुला गरेर सहभागीहरु बाट गुनासो लिएको थियो र आएका गुनासोहरुको अक्तीयार वाला व्यक्तिलाइ जवाफ दिन लगाएको थियो । महत्वपुर्ण माान्छेहरुले स्थानिय सरकारको कामकार्वाही नजिक वाट नियालेको अवस्था देखीएको थियो । सवाल जवाफ साथै सुभ्काव कार्यक्रम सकिय पछि सार्वजनिक सुनुवाइ कार्यक्रमका अध्यक्ष बाट समापन गरेको थियो ।

**सार्वजनिक सुनुवाइमा प्रस्तुती गरेका विषय बस्तु बजेट आय व्यय**

| क्रसं | विवरण | |
|---|---|---|
| | | |
| २ | पालीकाको आय व्यय खर्च विवरण उपव्धी समस्या को कार्य पत्र प्रस्तुती निमित्त प्रमुख प्रशासकिय अधिकृत अम्मरराज जेठाराले प्रस्तुत गरेको थियो , | |
| ३ | | |

**सार्वजनिक सुनुवाईमा सहभागी वाट मुख्य रुपमा उठेका गुनासा सवालहरु**

१ मष्टा जोड्ने सेतीको पुलको काम के भएको छ ।

२ सार्वजनिक सुनुवाइ भनेको छ सवै योजनाको जानकारी छैन । हात हातमा पालीकाको आय व्यव दिएन , रेडबुक पाइदैन ।

३ गाँउपालीकाले पहिलो र्निणय गरेको अध्यारो मुक्त उज्यालो युक्त भनेको हो त्यो काम कहाँ पुग्यो ।

४ दिवा खाजा रैथाने वालीको भनेको थियो त्यो किन लागु भएन ।

५ विद्यालय भाडाको घरमा छ तपाइहरुले के हेरेको ।

६ खिखाला बस्तीजोखीममा छ के पहल भएको छ बचाउनका लागी ।

७ चुनावी नारा जस्तो काम त भएननी किन ।

८ प्रशासनिक खर्च वडाको कता के काम गरिन्छ ।

९ कर्मचारी किन हटाइयो ।

१० आग्रा जोड्ने सडकको काम किन भएन ।
११ जथाभावी सडकले नोस्कान भयो यसको जिम्मेवारी को हुने ।
१२ महिला र दलित बजेट कता जान्छ खर्च कहाँ हुन्छ ।
१३ वडा कार्यालयको काम किन रोकियो ।
१४ पशु मरि रहेका छन औषधी उपचार पाएको छैन ।
१५ मष्टा चुथीढुड्गा सडक रकम कता गयो । कितावमा थियो अनि कता हरायो ।

**गुनासो प्रश्न राख्ने व्यक्तिहरु**

१ नरेन्द्र बहादुर ढ्वाल , जोग बहादुर धामी , अम्रेस खड्का , टेक बहादुर कठायत , महेन्द्र सिंह , धन बहादुर धामी , सुरेन्द्रराज जोशी , विर बहादुर कठायत , दल बहादुर कठायत ,

**जवाफ दिने व्यक्ति : प्रमुख जवाफदेही वक्ता गाँउपालीका अध्यक्ष ज्ञान बहादुर बोहरा , प्रमुख प्रशासकिय अधिकृत , वडा अध्यक्षहरु ले आफुमा आएका प्रश्न जिज्ञासाहरुको जवाफ दिएका थिए ।**

,

**गुनासोहरुको जवाफः**

सार्वजनिक सुनुवाइमा सहभागी वाट आएका गुनासोहरुको गाँउपालीका अध्यक्ष , उपाध्यक्ष प्रमुख प्रशासकिय अधिकृत , विषयगत शाखा प्रमुख , वडा सचिब लेखपाल ले सहभागी बाट आएका गुनासा जिज्ञासाहरुको सहि जवाफ दिएका थिए ।

दोहरो सम्वादधेरै भएर जिज्ञासाको चित्तबुझ्दो जवाप ञसवै गुनासोको आएको थियो । सेवा प्रदायिक संस्थाका तर्फबाट जिम्मेवार व्यक्तिहरुले कुनै ढाकछोप नगरि यथार्त जवाफ दिएका थिए । सहभागीहरु जवाफप्रति सन्तुष्टि भएको थिए । छलफलमा गाँउपालीका वाट भएका धेरै कमिकमजोरीहरुको उजागर भएका थिय । गाँउपालीका परिवारले पालीका वाट काम गर्दा खेरी भएका गल्ती कमिमजोरीहरुको आम्मसात गरेको थियो । सभामा गाँउपालीका जनप्रतिनिधि कर्मचारी प्रति भएका मनमेटाउ तिक्तता असहमती मेटिएको थियो । आरोप प्रतिआरोप लाल्छना गलत बुझाइ सवै प्रष्ट भएर सद्भाव भएको थिए । भावी दिनमा सुधार गर्दै जाने र आफ्नो स्थान वाट सवै पालीकाको विकासमा जुटौ भनेर सवैको एके बद्धता प्रतिवद्धता आएको थियो ।

**सार्वजनिक सुनुवाई कार्यक्रमा सहभागी वाट आएका सुधार गर्नुपर्ने पक्ष । पृष्ठपोषण**

१ सहभागीहरु वाट तपसिलका सुझाव आएका थिए । अनुगमनमा जोड दिनु पर्ने । काममा सहज सेवाग्राहिको काम छिटो छरितो गुर्ने पर्ने । विधुतलाइनविस्तार जोड दिनु पर्ने । योजना डिजायन स्टमेट गरि बनाउनु पर्ने आफुखुशी योजना दिन नहुने , राम्रो कर्मचारी जनप्रतिनिधिलाइ पुरस्कृत गर्नु पर्ने । कृषिमा व्यावसायिक खेती , गााउसभाले छनौट गरेका योजना हेरफेर गर्न नहुनु । योजना पुरस्कृत गर्नु पर्ने सुझाव दिएका थिए । साथै । सार्वजनिक सुनुवाइमा वडा अध्यक्ष अनिबार्य उपस्थित हुनु पर्ने । सडक वाटा सुधार गर्नु पर्ने । महिला दलित वालबालीका साथै युवाहरु लाइ आयआर्जनमा जोड दिनु पर्ने ।

**समापनमा मनतव्य दिने बक्ताहरु**

समापनमा प्रमुख जवाफदेही वक्ता तथा सभा अध्यक्ष ज्ञान बहादुर बोहराले सहभागी बाट आएका गुनासो प्रश्न जिज्ञासा सातै सुधावहरुको मनन गरि जवाफ दिएर सवैको साथ सहयोगमा आउदा दिनमा अगाडी बढ्ने प्रतिवद्धता गरि सभा समापन गरेको थियो ।

**सकारात्मकपक्ष :** प्रश्नकर्ताको जवाफ अख्तियारी व्यक्तिले चित्तबुझ्दो दिएका थिए । सुनुवाई कार्यक्रम सभ्य र मर्यादित रुपमाभएको थियो । धेरै घनिभुत छलफल भएको हुदाँ सवै मिलेर आउदो वर्ष अझै राम्रो कामगर्ने आत्मवल सवैमा जाँगेको थियो ।


**सहजकर्ताको सुझावहरु :** पालीकाकाले आर्थिक प्रगती सहित अन्य सामाजिक स्वास्थ्य शिक्षा र पालीकाभित्रका अन्यविकासको अवस्थाबारे प्रगती सुनाउनु पर्ने देखीन्छ ।नागरिकहरु लाइ आत्मविस्वास उत्साहगर्नु पर्ने देखीन्छ । स्थानिय सरकार भएको महसुस गराउनु पर्ने देखीन्छ । जनप्रतिनधिहरुले जनउत्तरदायिभएर लोकतन्त्रको सस्थागत विकास गरि शुसासनमा जोड दिन आवस्यक छ । राजनेताको स्वभाव चरित्र प्रदर्शन गरि महिला जनप्रतिनधिहरु लाइ पनि क्षमता विकास र आत्म सम्मानगर्नु पर्ने देखीन्छ ।

सार्वजनिक सुनुवाई कार्यक्रमका केहि तस्बिरहरु









प्रतिवेदक

सार्वनिक  सुनुवाइका लागी

मुख्य सहजकर्ता पत्रकार जगदीश रोकाया नेपालपत्रकार महासंघ बझाग पुर्व  अध्यक्ष ।

समाप्त ,,,   सम्पर्क ९८६९९०१७२० ।